धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३२४ ◆ २०८३ जेष्ठ २७ गते बुधबार, Wednesday, June 10, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

### बजार अनुगमन

## धादिङबेसीका मासु तथा माछा पसलहरूलाई कडा चेतावनी

काठमाडौं । धादिङबेसीका मासु तथा माछा पसलहरूमा आकस्मिक अनुगमन गरिएको छ। अनुगमनपछि सुधार नगर्ने व्यवसायीलाई कानुनी कारबाही गर्ने चेतावनी दिइएको छ ।

नीलकण्ठ नगरपालिका र पशु सेवा कार्यालय धादिङको संयुक्त टोलीले सदरमुकाम धादिङबेसीका ३५ वटा मासु तथा माछा पसलको अनुगमन गरेको हो । उपभोक्ताले ताजा, सुरक्षित र स्वास्थ्यकर मासु पाउन सकून् भन्ने उद्देश्यले अनुगमन गरिएको नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख बिष्णु प्रसाद रिजालले जानकारी दिनुभयो ।

अनुगमनका क्रममा केही पसल दर्ता बिना सञ्चालनमा रहेको, मूल्यसूची नटाँसिएको तथा मासु काट्ने र भण्डारण गर्ने स्थानमा सरसफाइ कमजोर रहेको पाइएको छ । यस्ता पसललाई तत्काल सुधार गर्न निर्देशन दिइएको स्वास्थ्य शाखा प्रमुख विष्णु प्रसाद रिजालले जानकारी दिनुभयो । अनुगमनको क्रममा सम्बन्धित व्यवसायीलाई एक साताभित्र दर्ता प्रक्रिया पूरा गर्न, मूल्यसूची अनिवार्य टाँस्न र सरसफाइ सुधार गर्न समय दिइएको छ । तोकिएको समयभित्र सुधार नभए वा निर्देशन पालना नगरे कानुनअनुसार पसल शिल गर्ने तथा जरिवानासहित कारबाही अघि बढाइने चेतावनी पनि दिइएको छ ।

विगतका अनुगमनपछि धादिङबेसीको मासु व्यवसायमा केही सकारात्मक सुधार देखिएको भए पनि अझै व्यवस्थित बनाउन निरन्तर निगरानी आवश्यक रहेको बताइएको छ । अनुगमन टोलीमा नीलकण्ठ नगरपालिकाका उप प्रमुख दिपक बिश्वकर्मा, नेपाल पत्रकार महासंघका अध्यक्ष सिताराम अधिकारी लगाएत सरोकारवालाहरुको उपस्थितिरहेको थियो ।

## स्वास्थ्य बिमामा नयाँ मोडालिटीका साथ फ्रेस स्टार्ट गरिने

*प्रत्यूष समाचारदाता*

काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले आगामी आर्थिक वर्षदेखि स्वास्थ्य बिमामा नयाँ मोडालिटीका साथ 'फ्रेस स्टार्ट' गर्न सरकार लागि परेको बताउनुभएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयको सहजीकरणमा आयोजित नेपाल स्वास्थ्य बिमा सुधार विषय छलफलमा उहाँले स्वास्थ्य बिमाको हालसम्मको बाँकी भुक्तानी (डिउ) असार महिनाभित्रै जसरी पनि 'क्लियर' गर्नुपर्नेमा जोड दिनुभयो ।

स्वास्थ्य बिमा सुधारका लागि आयोजित उक्त बैठकको अध्यक्षता गर्नुभएका मन्त्री मेहताले भुक्तानी नहुँदा अस्पतालले सेवा बन्द गर्ने चेतावनी दिने गरेको प्रसङ्ग उल्लेख गर्दै भुक्तानी गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मन्त्री मेहताले नाफामुखीभन्दा सेवामुखी र नागरिक केन्द्रित सेवा प्रवाहका लागि सरोकारवालाहरूसँग आह्वानसमेत गर्नुभयो। उहाँले निःशुल्क मात्रभन्दा स्वास्थ्य सेवाको सदुपयोग नभएकाले 'को-पेमेन्ट' (सह-भुक्तानी) बढाउने विषयमा छलफलको आवश्यकता औँल्याउनुभयो । सूर्तीजन्य र मदिराजन्य पदार्थमा लाग्ने 'सिनट्याक्स' प्रत्यक्ष रूपमा स्वास्थ्य मन्त्रालयअन्तर्गत आउनुपर्ने उहाँको भनाइ थियो। बिमा बोर्डमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणलाई तीव्र रूपमा अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। प्रधानमन्त्री शाहका स्वास्थ्य सल्लाहकार प्रा डा जगदीशप्रसाद अग्रवालले हेल्थ ट्याक्स वा सिनट्याक्सबाट उठेको पैसा राज्यको साधारण ढुकुटीमा जम्मा गर्ने पुरानो अभ्यास बदल्नुपर्ने धारणा राख्नुभयो । जनतालाई राज्य अभिभावक हो भन्ने अनुभूत गराउन अब ऐन संशोधन र मोडालिटीलाई लिपिबद्ध गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले यस प्रक्रियामा स्थानीय र प्रदेश सरकारका सरोकारवालाहरूलाई समेट्नुपर्ने बताउनुभयो । जिल्ला अस्पताललाई स्वास्थ्य उपकरण सम्पन्न बनाइ प्रदेशको संरचनाभित्र उत्तरदायी बनाउनुपर्ने र जिल्लामा उपलब्ध हुने उपचारका लागि केन्द्रमा आउँदा बिमा दाबी गर्न नपाउनेजस्ता कडा 'रेफरल प्रणाली' लागू गर्नेबारे उहाँले राय व्यक्त गर्नुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य रेशु अर्याल ढुङ्गानाले बिमा प्रणालीमा नागरिकलाई 'एकाइ युनिट' का रूपमा हेर्नुपर्ने र ऐन संशोधनमा जोड दिनुभयो। महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सचिव राधिका अर्यालले एकीकृत ऐन बनाउँदा मन्त्रालयको भूमिका स्पष्ट रूपमा आउने उल्लेख गर्नुभयो ।

स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक शकुन्ता प्रजापतिले थर्ड पार्टी एडमिनिस्ट्रेटर (टीपीए) मोडल डिजाइनबारे चर्चा गर्दै इएमआर, एआई र बायोमेट्रिक लागू गर्नपर्नेमा जोड दिनुभयो ।

बैठकमा प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकार प्रा डा अग्रवाल, अर्थ मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य बिमा बोर्ड, नीति अनुसन्धान प्रतिष्ठान र राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो । प्रधानमन्त्री शाहको सचिवालयका स्वकीय उपसचिव प्रकृति ढकालले स्वास्थ्य बिमासम्बन्धी विभिन्न दस्तावेजको साझा निष्कर्ष तीन चरण सुधारको रोडम्यापबारे प्रस्तुतीकरण दिनुभएको थियो ।

## संख्याअनुसार शुल्क नतिर्ने स्वास्थ्य संस्था कारबाहीमा

काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले ११ स्वास्थ्य संस्थालाई कार बाही गर्ने निर्णय गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले शैया सङ्ख्या अनुसार बुझाउनुपर्ने शुल्क नतिर्ने ११ वटा स्वास्थ्य संस्थालाई कारबाही गर्ने निर्णय गरिएको एक कार्यक्रमका विच जानकारी दिनुभयो ।

उहाँका अनुसार ती संस्थाबाट रु एक करोड ७८ लाख ८४ हजार असुल गर्ने निर्णय गरिएको छ । मन्त्रालयले स्वास्थ्य क्षेत्रमा सुशासन, पारदर्शिता र कानुनी जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्यका साथ उक्त निर्णय कार्यान्वयन प्रक्रियामा अघि बढाएको उहाँले बताउनुभयो ।

महालेखा परीक्षकको प्रतिवेदनले औँल्याएका विषयलाई सम्बोधन गर्दै बक्यौता रकम असुली प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ ।

## जिल्ला समन्वय समिति महासंघमा नेतृत्व चयन अन्योलमा

*प्रत्यूष समाचारदाता*

काठमाडौं । जिल्ला समन्वय समिति महासङ्घ नेपालको छैटौं राष्ट्रिय परिषद् बैठक नेतृत्व चयन गर्न नसकी अन्योलमा पुगेको छ । महासङ्घको छैटौं परिषद् बैठक सोमबारदेखि राजधानीमा सुरु भएको हो ।

परिषद्का अधिकांश सदस्यहरूले काठमाडौं जिल्ला समन्वय समितिका प्रमुख सन्तोष बुढाथोकीलाई अध्यक्ष बनाउनुपर्ने माग गरिरहेका बेला नेपाली कांग्रेसका केन्द्रीय सदस्य मधु आचार्यले एकाएक ललितपुर जिल्ला समन्वय समितिका प्रमुख ऋषिदेव फुँयाललाई अध्यक्ष र सन्तोष बुढाथोकीलाई प्रवक्ता घोषणा गरेपछि परिषद् हलमा असन्तुष्टि एवं विरोध सुरु भएको थियो ।

बुढाथोकीले भने आफूलाई प्रवक्ता घोषणा गरिएको निर्णय अस्वीकार गर्दै अध्यक्ष पदका लागि निर्वाचन समितिमा उम्मेदवारी दर्ता गर्नुभएको छ । निर्वाचन समितिले सोमबार बेलुकी नै दुवै अध्यक्षका उम्मेदवारको नाम सार्वजनिक गरेको छ । अध्यक्ष पदमा दुई जनाको उम्मेदवारी दर्तासँगै परिषद्मा नेतृत्व चयनको विषय थप पेचिलो बनेको छ। ७७ जिल्ला समन्वय समितिमध्ये हाल ३४ जिल्लामा कांग्रेसको नेतृत्व छ ।

महासङ्घको विधानअनुसार करिब डेढ वर्षअघि नै निर्वाचन सम्पन्न हुनुपर्ने भए पनि हुन सकेको थिएन । महासङ्घलाई चलायमान बनाउन र नयाँ नेतृत्व चयनका लागि दबाब सिर्जना गर्ने उद्देश्यले छैटौं राष्ट्रिय परिषद् आयोजना गरिएको थियो । नेतृत्व चयनको प्रक्रियामै पुनःविवाद सिर्जना भएपछि महासङ्घ फेरि राजनीतिक खिचातानीको केन्द्रमा पुगेको छ ।

विगतदेखि महासङ्घमा प्रमुख दललाई अध्यक्ष, दोस्रो ठूलो दललाई महासचिव तथा अन्य दललाई उपाध्यक्ष, कोषाध्यक्षलगायत पद लिने दिने सहमतिमूलक अभ्यास चल्दै आएको थियो। निर्वाचन समिति गठन भइसकेपछि परिषद् सदस्यहरूको मताधिकार प्रभावित हुने गरी नेतृत्व घोषणा गर्नु लोकतान्त्रिक मूल्य, सङ्गठनको विधान र निर्वाचन प्रक्रियाको मर्मविपरीत भएको बाँकेका जिसस प्रमुख ज्ञानेन्द्रकुमार चौधरीले राससलाई जानकारी दिनुभयो ।

८० प्रतिशतभन्दा बढी परिषद् प्रतिनिधि बुढाथोकीको पक्षमा रहेको पनि उहाँको दाबी छ। जिसस काठमाडौंका प्रमुख बुढाथोकी भने पार्टीले कारबाही गरे पनि टीके प्रथाको अन्त्यका लागि आफू नझुक्ने बताउनुहुन्छ ।

"मैले फिर्ता लिएँ भने बहुमत प्रतिनिधिको अपमान हुन्छ, त्यसैले म धेरै प्रतिनिधिको अपमान गर्न सक्दिनँ", बुढाथोकीले भन्नुभयो। निर्वाचन समितिका संयोजक नवराज गेलाल महासङ्घको नेतृत्व सहमतिकै आधारमा चयन हुने बताउनुहुन्छ ।

## सिक्री लुटपाट गर्ने पाँच भारतीय पक्राउ

काठमाडौं । प्रहरीले मंगलबार पशुपतिनाथ मन्दिर क्षेत्रमा सुनको सिक्री लुटपाट गर्ने पाँच जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत देश गोरखपुर नौसरका ३५ वर्षीया अन्जु चमार, सोही ठाउँकी २९ वर्षीया रुपसना चमार, ३० वर्षीया आरती चमार, ३५ वर्षीया रिङ्कु चमार तथा १८ वर्षीया नन्दनी चमार रहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मंगलबार बिहान करिब ११:३० बजे पशुपतिनाथ मन्दिर परिसरभित्र पशुपतिनाथको दर्शन गर्न आएका मानिसहरूले घाँटीमा लगाएको सुनको सिक्री लुटपाट गरेको अभियोगमा उनीहरूलाई पक्राउ गरिएको हो ।"

प्रहरीले पक्राउ परेकाहरूलाई चोरीको सुनको सिक्री दुई थानसहित प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो। उनीहरू विरुद्ध काठमाडौं जिल्ला अदालतबाट सात दिनको म्याद थप अनुमति लिइ आवश्यक अनुसन्धान कार्य भइरहेको प्रवक्ता भट्टराईले बताउनुभयो ।

## राष्ट्रिय दोहोरी गीत प्रतियोगिता-२०८३ आयोजना हुने

काठमाडौं । सांस्कृतिक संस्थानको ५४औं वार्षिकोत्सवको अवसरमा काठमाडौंमा राष्ट्रिय दोहोरी गीत प्रतियोगिता-२०८३ को आयोजना हुने भएको छ ।

सांस्कृतिक संस्थानले मंगलबार प्रतियोगी तथा पत्रकार समक्ष विशेष भेटघाट कार्यक्रमको आयोजना गरी सोबारे जानकारी दिएको हो । उक्त प्रतियोगिता आउँदो असार ३, ४ र ५ गते सांस्कृतिक संस्थानको मेगाहल, जमलमा आयोजना गरिने संस्थानका महाप्रबन्धक किरणबाबू पुनले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सांस्कृतिक संस्थानको ५४औं वार्षिकोत्सवको अवसरमा हामीले पहिलो पटक राष्ट्रिय दोहोरी गीत प्रतियोगिता आयोजना गर्दैछौं ।

## विभेद विरुद्ध दलित एकजुट हुनुपर्नेमा जोड

काठमाडौं । दलित समुदायका अगुवाहरूले दलित समुदायमाथि हुने जातीय भेदभाव तथा छुवाछूत विरुद्ध एकजुट हुनुपर्ने आवश्यकता औँल्याएका छन् ।

परियार सेवा समाजको ३१औँ स्थापना दिवसको अवसरमा मंगलबार आयोजित कार्यक्रममा वक्ताहरूले पछिल्लो समय अन्तरजातीय विवाह गरेका कारण, चुलो छोएको वा पानी छोएको निहुमा देशका विभिन्न जिल्लामा दलितमाथि कुटपिट, वहिष्कार र हत्याका घटना बढ्दै गएको बन्दै विभेदका विरुद्ध एकजुट हुनुपर्ने आवश्यकता औँल्याएका हुन ।

पूर्वराजदूत पदम सुन्दासले देशमा पछिल्लो समय बढ्दै गएको जातीय विभेद तथा दलितमाथिको अत्याचार विरुद्ध देशभरिका दलित एकजुट हुन आह्वान गर्नुभयो । समता फाउण्डेशनले गरेको अध्ययनअनुसार यो वर्ष (२०८२ वैशाखदेखि-चैतसम्म) जातका आधारमा घटेका जम्मा ६३ वटा घटना भएका छन् । समता फाउण्डेशनले जातीय भेद्भाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ लाई आधार बनाएर गरेको अध्ययनअनुसार ६३ मध्ये १४ वटा घटनामा जातको जरिया खुलेको छैन । विसं २०८१ मा त्यही प्रकृतिका ६० वटा घटना भएका थिए । त्यसैगरी २०८० मा ६० र २०७९ मा ५५ वटा जातीय आधारमा घटना भएका थिए। संविधानसभा सदस्य सुजाता परियार लगायतले विभेद अन्त्यको लागि भएका ऐन/कानुनको प्रभावकारी कार्यान्वयनसँगै सचेतना जनाउनुपर्नेमा जोड दिनुभयो ।

सम्पादकीय ....

## राज्य उत्तरदायि बन्नुपर्छ

वजेट निर्माण प्रक्रियामा शिक्षा क्षेत्रमा छुट्याउने बजेटको प्राथमिकतालाई हेर्दा उनीहरूले शिक्षालाई खर्च अथवा दायित्वका रूपमा नभएर लगानीका रूपमा लिने गरेको पाइन्छ । उनीहरूले देशको कुल गार्हस्थ उत्पादन र कुल बजेटको ठुलो हिस्सा शिक्षा क्षेत्रमा विनियोजन गर्ने गरेका छन् । छिमेकी भारतकै उदाहरण हेर्ने हो भने पनि उसले शिक्षालाई अर्थतन्त्रको जग र विकसित भारतको लक्ष्यप्राप्तिको मुख्य आधार मानेर वार्षिक बजेटमा विशेष प्राथमिकता दिँदै आएको छ । भारतले परम्परागत मान्यताबाट माथि उठेर डिजिटल रूपान्तरण र सिप विकासमा शिक्षालाई केन्द्रित गरेको छ ।

नेपालको सन्दर्भमा हेर्दा दलहरूले हरेक चुनावमा सार्वजनिक शिक्षालाई आफ्नो मुख्य एजेन्डा बनाउने गरेका छन् । उनीहरूका घोषणापत्र पल्टाएर हेर्दा पनि प्रस्ट हुन्छ कि शिक्षामा कुल बजेटको २० प्रतिशत लगानी गर्ने वा जिडिपीको कम्तीमा छ प्रतिशत पुऱ्याउने प्रतिबद्धता जनाउँदै आएका छन् । व्यवहारमा हेर्दा शिक्षा क्षेत्रको बजेट बर्सेनि खुम्चिँदै गएको छ । यसबाट प्रस्ट हुन्छ दलहरूको बोली र व्यवहारबिच तादात्म्य भेटिँदैन । सत्तामा रहेका बेला एउटा कुरा बोल्छन् अनि सत्ताबाट बाहिरिनासाथ उनीहरूका प्राथमिकता फेरिन जान्छ । प्राथमिकता बदलिनासाथ उनीहरूका कुरा पनि फेरिन थाल्छन् । सत्तामा रहेका बेला निजी विद्यालयका पक्षमा नीतिगत निर्णय गराउन अग्रसर राजनीतिक नेतृत्व सत्ताबाट बाहिरिएपछि पुनः सामुदायिक विद्यालयको पक्षमा वकालत गर्न तम्तयार देखिन्छन् ।

यसको भित्री कारण भनेकै स्वार्थको टकराब नै हो । निजी शैक्षिक संस्थामा राजनीतिक नेतृत्वको प्रत्यक्ष/परोक्ष लगानी छ । सार्वजनिक विद्यालय सुध्रिनासाथ निजीको हालत चौपट हुन जान्छ । यो यथार्थता उनीहरूले नजिकबाट बुझेका छन् । उनीहरूमा भरसक सार्वजनिक विद्यालय अहिलेकै हालतमा रहिरहोस् भन्ने चाहना लुकेको छ । यसो हुँदा निजी शैक्षिक संस्थाको व्यापार फस्टाउन मद्दत पुग्छ ।

विकसित मुलुकले शिक्षामा छुट्याएको बजेटलाई लगानीका रूपमा लिँदै आएको सन्दर्भमा नेपालमा भने शिक्षाको बजेट लगानी नभएर कर्मचारीको तलबमा मात्र विनियोजन गरिएको भान हुन्छ । शिक्षामा छुट्याइएको बजेटको सबैभन्दा ठुलो अर्थात् करिब ८० प्रतिशत हिस्सा शिक्षक र कर्मचारीको तलब भत्तामै खर्च हुने गरेको छ । अनि बाँकी बजेटबाट विद्यालयको भौतिक पूर्वाधार, आधुनिक ल्याब, डिजिटल प्रविधि, र शिक्षकको गुणस्तर कसरी बढाउन सकिन्छ ? नेपालमा सार्वजनिक शिक्षा यसरी गुज्रनुका पछाडि बजेट नभएर भन्दा पनि राजनीतिक नेतृत्वमा इमानदारिताको अभाव नै हो ।

आफ्ना छोराछोरीलाई महँगा निजी स्कुल वा विदेश पठाउने नेताहरूले गरिबका छोराछोरी पढ्ने सरकारी स्कुलको चिन्ता व्यवहारमा होइन, भाषणमा मात्र गर्ने गरेका छन् । घोषणापत्र, वाचापत्र वा प्रतिबद्धतापत्रमा जनाइएका प्रतिबद्धतालाई जबसम्म कानुनी रूपमै बाध्यकारी बनाइँदैन तबसम्म दलहरूका त्यस्ता प्रतिबद्धता कागजको खोस्टोबाहेक अरू केही हुन सक्दैन ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## स्वास्थ्योपचार सेवा दिँदै प्राकृतिक चिकित्सालय

वासुदेव पौडेल

नवलपुरको देवचुली नगरपालिका-१६ रजहरस्थित सामुदायिक प्राकृतिक चिकित्सालयले औषधिविहीन चिकित्साका पद्धतिमार्फत प्रभावकारी स्वास्थ्योपचार सेवा प्रदान गर्दै आएको छ । विश्वमा महामारीका रूपमा फैलिएको कोभिड-१९ को समयमा समेत भर्ना भएका कुल ७८९ जना बिरामी सबैलाई सफलतापूर्वक उपचार गरेर थप चासो र चर्चा कमाएको चिकित्सालयमा स्वदेशबाट मात्र नभई विदेशबाट समेत उपचार गर्न आउने गरेका छन् ।

कोभिडका समयमा दुधे बालकदेखि ८९ वर्षसम्मका ज्येष्ठ नागरिकसमेतको सफल उपचार गरेको चिकित्सालय गण्डकी प्रदेशको योग र प्राकृतिक चिकित्साको गौरवको आयोजनासमेत हो । गैरनाफामूलक परोपकारी संस्थाका रूपमा अघि बढिरहेको यस चिकित्सालयले औषधिविहीन चिकित्साका विभिन्न विधि र पद्धति अपनाउँदै बहुप्रकृतिका स्वास्थ्य समस्याको उपचार गरिरहेको चिकित्सालयका महाप्रबन्धक हरि सापकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार चिकित्सालयले प्राकृतिक चिकित्सा, अकुपञ्चर, अकुप्रेसर, आहार चिकित्सा, जडीबुटी चिकित्सा, अनुसन्धानात्मक योग चिकित्सा, मनोचिकित्सा, फिजियोथेरापी एवं पुनर्स्थापनामार्फत उपचार सेवा प्रदान गरिरहेको छ । औषधिविहीन चिकित्सा पद्धतिलाई वैज्ञानिक रूपले समिश्रण र प्रयोग गरी सबै किसिमका शारीरिक, मानसिक, तीव्र एवं जीर्ण रोगमा दीर्घकालीन समाधान दिँदै आइएको उहाँले बताउनुभयो ।

संस्थाले प्रकृतितर्फ फर्कंदै जीवनशैली परिवर्तन गरी निराशालाई आशा जगाउन, रोगीलाई स्वस्थ बनाउन र स्वस्थलाई दीर्घजीवी बनाउने सोचका साथ आफ्ना गतिविधि सञ्चालन गरिहेको जनाएको छ । औषधिविहीन प्राकृतिक चिकित्सामार्फत उपचार सेवा प्रदान गरिहेको चिकित्सालयको सेवा प्रभावकारी रहेको सेवाग्राहीहरू बताउँछन् ।

विभिन्न किसिमका स्वास्थ्य समस्याको प्राकृतिक चिकित्सामार्फत सफल उपचार गरिरहेको यस संस्थाको सेवा प्रभावकारी रहेको नवलपुर फारमका निवासी बलराम आचार्य बताउनुहुन्छ । आफूले पेटको दुखाइसँगै खुट्टाको समस्याका क्रममा करिब डेढ महिना जति यहाँको सेवा लिएको उहाँले अनुभव सुनाउनुभयो । "यहाँ हिँड्नै नसक्ने अवस्थाका व्यक्ति आएर उपचारपश्चात् हिँडेर फर्केको मैले नै प्रत्यक्ष देखेको छु", उहाँले भन्नुभयो, "अत्यधिक मोटोपन भएका मानिस यहाँको उपचार सेवा लिएपछि मोटाइ राम्रैसँग घटाएर गएका धेरै उदाहरण छन् ।"

स्वास्थ्यमा हुने गरेका विभिन्न समस्याबाट मुक्त हुन यहाँ आएर सेवा लिन उहाँले सबैलाई आग्रह गर्नुभयो । औषधिमा मात्र निर्भर नभई जीवनशैली सुधार, योग, ध्यान तथा प्राकृतिक विधिमार्फत रोगको रोकथाम र उपचार गरिने भएकाले यसप्रतिको आकर्षण बढ्दै गएको हो । विसं २०६७ मा स्थापना भएयता संस्थाले आहारविहार सुधार गरी जीवनशैली परिवर्तन गराउँदै जीवन जिउने कला सिकाउँदै हालसम्म हजारौँको सङ्ख्यामा जीवनदेखि निराश भएकाहरूलाई बाँच्ने आशा जगाउँदै राष्ट्रको नमूना प्राकृतिक चिकित्सालयको रूपमा आफूलाई स्थापित गर्न सफल बनेको महाप्रबन्धक सापकोटा बताउनुहुन्छ ।

चिकित्सालयमा 'आहार नै औषधि' हो भन्दै दिगो अर्ग्यानिक कृषि उत्पादन गौपालन, जडीबुटीखेती, मौरीपालन आदिलाई अभियानका साथ अघि बढाइएको छ । चिकित्सालयलाई आवश्यक पर्ने दूध, दही, घ्यू, मह एवं तरकारी स्वयं संस्थाले नै उत्पादन गरिरहेको छ ।

उपचार सेवा लिन आएका बिरामीका लागि चिकित्सकको सल्लाह र निगरानीमा भौतिक आहारका लागि अस्पताल हाताभित्र प्राकृतिक, अर्ग्यानिक एवं सात्विक खानाको व्यवस्था गरिएको छ । यहाँ आउने विभिन्न स्वास्थ्य समस्याका बिरामीलाई प्राकृतिक चिकित्साका क्षेत्रमा गहिरो अध्ययनसँगै लामो समय यस क्षेत्रमा अनुभवी चिकित्सक, फिजियोथेरापिष्ट, योगथेरापिष्टसमेतको टोलीले २४सै घण्टा निगरानी र निर्देशनमा उपचार गर्दै आएका छन् । परम्परागत शैलीसँगै अत्याधुनिक उपकरणसमेतबाट आधुनिक प्राकृतिक चिकित्सा सेवा प्रदान गरिरहेको संस्थाले नियमित योग ध्यानका कक्षाका साथै रोगअनुसारको योग, आरामका विधिहरू प्रणायाम, ध्यान आदि गराउँदै आएको छ ।

चिकित्सालयको प्राविधिक सहयोगमा अस्पताल हाताभित्र वा आवश्यकताअनुसार स्वदेश तथा विदेशमा समेत प्राकृतिक चिकित्सा जीवनशैली सुधारसम्बन्धी जनचेतनामूलक कार्यक्रमको राष्ट्रिय नेतृत्व गर्नेगरी अघि बढिएको उहाँले बताउनुभयो । विभिन्न भाषा र क्षेत्रका पुस्तकसहितको पुस्तकालयका साथै चिकित्सकहरूद्वारा नियमित रूपमा स्वास्थ्यार्थीहरूको बीच विविध विषयमा अन्तर्क्रिया एवं सामूहिक परामर्शका कक्षाहरू सञ्चालन गरिँदै आएको महाप्रबन्धक सापकोटाले जानकारी दिनुभयो ।

शल्यक्रियापछिको पुनर्स्थापना, दुर्घटनापछिको पुनर्स्थापना एवं क्यान्सरको पुनर्स्थापना गरी विविध पुनर्स्थापना प्याकेजहरूको सुविधा राखेको चिकित्सालयले बहिरङ्ग/अतरङ्ग सेवा, एम्बुलेन्स, हेल्थसप आदिसमेत सञ्चालन गररहेको छ । चिकित्सालयले जल चिकित्सा, वाष्प स्नान, ठूलो आन्द्रा सफा गर्ने पद्धति, माटो चिकित्सा, वैज्ञानिक मालिस, योगा थेरापी, योगिक षट्कर्म, मनोचिकित्सा/परामर्श, आहार/उपवास चिकित्सा, फिजियोथेरापी आदिका माध्यमबाट उपचार गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

चिकित्सालयमा आउने बिरामीका लागि उनीहरूको दैनिक नियमित कार्यतालिका राखिएको छ । बिहान ५.०० बजेदेखि सुरु हुने उक्त कार्यतालिका राति १०.०० बजेसम्मका लागि तय गरिएको छ । चिकित्सालयको नियम एवं चिकित्सकको प्रत्यक्ष निर्देशनमा आहारविहार, योग, मनोरञ्जन आदिलाई पालन गर्दै बिरामी स्वास्थ्यलाभ गरी फर्कने गरेका छन् । चिकित्सालयमा आउने बिरामीका लागि उपचार सेवा, आवास तथा भोजनका लागि दैनिक एक हजार २०० रुपैयाँको प्योकज निर्धारण गरिएको छ । नेपाल सरकारको घोषित स्वास्थ्य नीतिको परिधिभित्र रहेर आर्थिक विपन्न/द्वन्द्वपीडित, एकल महिला, असक्षमलाई उपचारमा सहुलियत प्रदान गर्दै आएको उहाँले जानकारी दिनुभयो । चिकित्सालयमा रोग लाग्नै नदिन प्रमोशन अफ पोजेटिभ हेल्थदेखि कब्जियत, पायल्स, अल्सर, कोलाइटिस, ग्यासटाइटिस, अपच, कलेजोका रोगहरूको सफलतापूर्वक उपचार गर्ने गरिएको छ । त्यस्तै रुघाखोकी, एलर्जी, दम, पिनास, टान्सिलाइटिस, टाउको दुख्ने, माइग्रेन, ढाड कम्मर, गर्धन दुख्ने, बाथ, युरिक-एसिड बढेको, डिक्स प्रोल्याप्स, हड्डी खिइएको, साइटिका, नशा च्यापिएको, साना तथा ठूला जोर्नीको दुखाइ, अन्य हाड, जोर्नी, नशा तथा मांसपेशीका समस्याहरूको उपचार हुँदै आएको छ । प्यारालाइसिस (पक्षघात), मुख बाङ्गिने, शरीरको एक वा दुवै भाग नचल्ने, सुगर, प्रेसर, थाइराइड, मोटोपना, अनिद्रा, डिप्रेसन, स्नायु दुर्बलता, मानसिक तनाव वा अन्य मानसिक समस्या, महिनावारी गडबडी, सेतो पानी बग्ने, मिर्गौला र पिसाबसम्बन्धी समस्या, सोरायसिस, एक्जिमा, डन्डीफोर वा अन्य छालाका समस्या सफलताका साथ चिकित्सालयमा उपचार भइरहेको पनि उहाँले जानकारी दिनुभयो ।

सुरुमा प्राकृतिक उपचार पद्धतिले रोग निको पार्छ भन्ने कुरा जनमानसमा विश्वास जगाउन धेरै नै गाह्रो भएको चिकित्सालयका पूर्वनिर्देशक डा विनोद पौडेल बताउनुहुन्छ । अहिले त्यो विश्वास प्राकृतिक चिकित्सा विधाले जितिसकेको बताउँदै उहाँले प्राकृतिक चिकित्सालयलाई अस्पतालका रूपमा भन्दा पनि जीवनशैली सिकाउने विद्यालयका रूपमा विकास गर्नु आवश्यक रहेकामा जोड दिनुभयो । "हरेक उमेरका व्यक्तिलाई स्वस्थ जीवनशैलीसम्बन्धी प्रशिक्षण दिई रोग नै लाग्न नदिने उद्देश्य राख्नुपर्छ", उहाँले भन्नुभयो, "हरेक वर्षको १५ दिन स्वस्थ मानिस नै प्राकृतिक चिकित्सा विधालाई अवलम्बन गर्नु आवश्यक छ ।"

प्राकृतिक चिकित्सा क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै सरकारले पूर्वनिर्देशक पौडेललाई प्रबल जनसेवा श्री पदकबाट सम्मान प्रदान गरेको छ । कोभिड-१९ को महामारीमा प्राकृतिक विधिबाट उपचार, अन्य रोगहरूको सफल उपचार तथा जीवनशैलीसम्बन्धी प्रशिक्षणमा उहाँले विशिष्ट योगदान पुर्याउनुभएको छ । चिकित्सालयले आफ्नो स्थापनाकालयता ६० हजारभन्दा बढी व्यक्तिलाई उपचार गरिसकेको छ ।

पूर्वपश्चिम राजमार्गको रजहर बजारदेखि सात सय मिटर दक्षिणतर्फ पैदलयात्राबाटै पुग्न सकिने यस चिकित्सालयमा जान अटो/इ-रिक्साहरू सहजै पाउन सकिन्छ । बिहान ६.०० देखि बेलुका ८.०० बजेसम्म प्रत्येक पाँच मिनेटको फरकमा नारायणगढदेखि नियमित सिटी बसको सुविधा रहेको छ । कुल १० बिघा क्षेत्रफलमा फैलिएको चिकित्सालयमा हाल १५० शय्या क्षमता रहेको छ । अस्पतालको दिगो सञ्चालनका लागि २०६४ साल पुसमा महायज्ञ गरिएकामा उक्त महायज्ञमा एक करोड ७३ लाख रुपैयाँ दान सहयोगका लागि बोलकबोल भएको थियो ।

उपचारमा आएका एक बिरामीले उपचारको सफलतापश्चात् रु एक करोड ३० लाख लागतको २३ कोठे भवनसमेत निर्माण गरिदिएको जानकारी दिँदै सापकोटाले उपचारपछि बिरामीहरूले धेरेथोर सहयोग गरेर फर्कने गरेको अनुभव सुनाउनुभयो ।

गण्डकी प्रदेशको समाजिक विकास मन्त्रालयको सिफारिस एवं राष्ट्रिय योजना आयोगको रु १२ करोड ४६ लाख विशेष अनुदानमा चिकित्सालयमा थप भवन बनिरहेको छ । उक्त भवन सम्पन्न भएसँगै हाल रहेको १५० शय्या क्षमतालाई बढाएर ३०० पुर्याउने लक्ष्य राखिएको छ । आगामी दिनमा चिकित्सालयलाई शिक्षण अस्पतालका रूपमा विकास गर्ने योजना राखिएको छ ।

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# अदालतको लेटरप्याड र न्यायाधीशकै दस्तखत किर्ते गरेपछि

काठमाडौँ । काठमाडौँ जिल्ला अदालतको लेटरप्याड, न्यायाधीशको दस्तखत किर्ते गरी मुद्दा खोल्ने र पुनः प्रमाणीकरणसम्बन्धी सूचना नै नक्कली बनाएको भेटिएपछि एक व्यक्ति प्रहरीको फन्दामा परेका छन् ।

गोरखाको आरुघाट गाउँपालिका–७ घर भई हाल काठमाडौँको टोखा बस्ने वर्ष २६ को विवस अधिकारीले यसरी किर्ते गरेको अदालतबाट प्राप्त सूचनाका आधारमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सआइबी)को टोलीले पक्राउ गरेको हो ।

सिआइबीका सहप्रवक्ता प्रहरी उपरीक्षक योगेन्द्र खड्काले विवश अधिकारी भन्ने नामबाट २०८२ चैत १५ गते अदालतको लेटरप्याड र अधिकारीहरू मुद्दा खोल्ने तथा पुनःप्रमाणीकरणसम्बन्धी सूचना बनाइ मुद्दाको अन्तिम निर्णय भएपछि विवश अधिकारीको बैंकमा रु दुई करोड १३ लाख रकमान्तरण हुने विवरण बनाइ किर्ते गरेका पाइएको बताउनुभयो ।

उहाँले सोही साल चैत २४ गते सेवा शुल्क भुक्तानीसम्बन्धी झुट्टा लिखत तयार गरी विवस अधिकारीलाई अदालतबाट रु एक लाख छ हजार सेवा शुल्क बुझाउन आदेश दिएको भनी अदालतबाट नगरिने अस्वाभाविक व्यहोरा उल्लेख गरी कागजात तयार पारेका पाइएको प्रहरीले जनाएको छ । यसरी कागजात तयार पार्न काठमाडौँ जिल्ला अदालतको लेटरप्याड कीर्ते बनाइ न्यायाधीश, श्रेस्तेदार, शाखा अधिकृतको दस्तखत र अदालतको छापसमेत कीर्ते गरी प्रचलनमा ल्याएको पाइएको छ ।

उक्त कसुरमा संलग्न विवस अधिकारीलाई छानबिन गरी कानुन बमोजिम कारबाही गरी पाउँ भन्ने व्यहोराको अदालतका कर्मचारीको निवेदनका आधारमा उहाँलाई काठमाडौँ को सतुङ्गलबाट पक्राउ गरिएको सहप्रवक्ता खड्काले आज बताउनुभयो । अनुसन्धानको क्रममा उहाँको डेरा कोठामा खानतलासी गर्दा कीर्ते कागजपत्रहरू फेला परेकोले आज काठमाडौँ जिल्ला अदालतबाट म्याद थप अनुमति लिई थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# शासकीय सुधारसम्बन्धी १०० कार्यसूची कार्यान्वयनमा सञ्चार मन्त्रालयको उल्लेख्य प्रगति

काठमाडौँ । शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीअन्तर्गत सूचना तथा सञ्चार मन्त्रालयबाट सञ्चालन भइरहेका कार्यक्रममध्ये अधिकांश सम्पन्न भएका छन् । मन्त्रालयले मंगलबार त्यस्ता कार्यक्रम हरूको प्रगति समीक्षा गर्दै अधिकांश कार्यहरू सम्पन्न भई कार्यान्वयनको चरणमा पुगेको जनाएको हो ।

सेवा प्रवाहलाई सरल, छिटो, पारदर्शी तथा नतिजामुखी बनाउने उद्देश्यले अघि सारिएका सुधार कार्यक्रम हरूलाई तोकिएको समय अगावै कार्यान्वयनमा लगिसक्न सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले निर्देशन दिनुभयो । कार्यान्वयनका क्रममा कुनै समस्या देखिए सम्बन्धित निकायसँग समन्वय गरी तत्काल समाधानका लागि पहल गर्नसमेत उहाँले निर्देशन दिनुभयो ।

सरकारले नतिजामा आधारित शासकीय व्यवस्थापन लागू गर्ने उद्देश्यसहित प्रत्येक मन्त्रालयलाई प्रमुख १० कार्य पहिचान गरी कार्ययोजना तयार गर्न निर्देशन दिएको थियो । सञ्चार मन्त्रालयले तोकिएको समयभित्र आफ्नो कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुझाएको छ । मन्त्रालयका अनुसार ती कार्यको नियमित प्रगति समीक्षा हुने गरेको छ । सेवा प्रवाहलाई सरल, छिटो र परिणाममुखी बनाउने उद्देश्यले 'बिजनेस प्रोसेस रिइन्जिनियरिङ' कार्यक्रमअन्तर्गत गठन गरिएका समितिहरूले आफ्नो प्रारम्भिक काम पूरा गरेका छन् । समितिले मन्त्रालयका विद्यमान प्रक्रिया अध्ययन गरी अनावश्यक चरण हटाउने तथा सेवा सरलीकरणका लागि प्रतिवेदनको मस्यौदा तयार गरिसकेका छन् । यसमा सुझाव सङ्कलनको काम सम्पन्न भएको छ भने आवश्यक कानुनी संशोधनको आवश्यकता पहिचान भएमा थप प्रक्रिया अघि बढाइने मन्त्रालयको भनाइ छ । यस कार्यक्रमका अधिकांश सूचक पूरा भइसकेका छन् ।

त्यस्तै, कर्मचारी प्रशासन सुधारतर्फ पनि मन्त्रालयले उल्लेखनीय प्रगति हासिल गरेको छ । आर्थिक अनियमितता, ढिलासुस्ती र सेवाग्राहीप्रति असहज व्यवहार न्यूनीकरण गर्ने उद्देश्यले मन्त्रालयले कर्मचारी आचारसंहिता तयार गरी लागू गरिसकेको छ । सबै कर्मचारीबाट हस्ताक्षरसहित प्रतिबद्धता पत्र सङ्कलन गरिएको छ ।

त्यस्तै, फ्रन्ट डेस्कमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक विवरण सङ्कलन र तालिम आवश्यकताको सूची तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको छ । डिजिटल प्रशासन र कार्यालय पुनर्संरचनातर्फ पनि मन्त्रालयले उल्लेख्य प्रगति हासिल गरेको छ । नागरिक गुनासो व्यवस्थापन प्रणालीको क्षेत्रमा पनि मन्त्रालयले संरचनागत काम पूरा गरेको छ । गुनासो व्यवस्थापन समिति गठन भइसकेको छ भने फोन, मोबाइल एप, पोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्ने बहुच्यानल प्रणाली सञ्चालनमा ल्याई काम गर्ने मन्त्रालयले तयारी गरिरहेको छ । सरकारको एक सय दिने कार्यसूचीमा सबैभन्दा महत्वाकांक्षी कार्यक्रमका रूपमा रहेको हुलाक सेवालाई 'गभर्नमेन्ट कुरियर सर्भिस' मा रूपान्तरण गर्ने योजना पनि कार्यान्वयनका अन्तिम चरणमा छ । हालसम्म विभिन्न ६२ वटा जिल्लाबाट हुलाकले सरकारी कागजात व्यक्तिको घरसम्मै पुर्‍याउन थालिसकेको छ । त्यस्तै, डाँक रेखा पुनरावलोकनको काम सम्पन्न भइसकेको छ । जसबाट सेवा प्रवाहको समय तथा लागत घटाउन सहयोग पुगेको छ । घरदैलोमा राहदानी सेवाअन्तर्गत ६० हजार ४४६ राहदानी हुलाकमार्फत् जिल्लामा ढुवानी गरिएको छ भने तीन हजार ११३ राहदानी सेवाग्राहीको घरसम्म पुर्‍याइएको छ । ६२ जिल्लामा सेवा विस्तार भइसकेको छ । त्यसैगरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा १७ अस्पतालबाट ८३५ वटा स्वास्थ्य परीक्षण नमुना ढुवानी गरिएको छ । यातायात व्यवस्था विभागबाट प्राप्त ५ लाख ५३ हजारभन्दा बढी सवारी चालक अनुमतिपत्र सम्बन्धित जिल्लामा पठाइएको छ भने चार जिल्लामा घरदैलो वितरणको परीक्षण समेत भइरहेको छ ।

शैक्षिक प्रमाणपत्र ढुवानी कार्यक्रम पनि शुरु भएको छ ।


# श्री ठूलो वन सामुदायिक वन उपभोक्ता समूह

गजुरी गाउँपालिका-५, धादिङ

**वन पैदावार लिलाम बिक्री सम्वन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०२/२७)

यस ठूलो वन सामुदायिक वन उपभोक्ता समूहले डिभिजन वन कार्यालय धादिङको च.नं. २२९७, मिति २०८३/०२/२६ को लिलाम बिक्री सहमती अनुसार गजुरी गा.पा. वडा नं. ५, मिलनटार धादिङमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावार (काठ, दाउरा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटक यो सुचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई सूचीकृत भएका इच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र जिल्ला डिभिजन वन कार्यालय धादिङ वा यस समूहबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र यस ठूलो वन सामुदायिक वन उपभोक्ता समूह, गजुरी गा.पा. वडा नं. ५, धादिङमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि कार्यालयमा प्रकाशित विस्तृत सूचना हेर्नु हुन अनुरोध छ ।

तपसिल

| लट नं. | जात | थान | ग्रेड | स्याप उड सहितको परिमाण (क्यु.फि.) | न्यूनतम मूल्य रू. | संकलन खर्च |
|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | खयर | ७०२ | A | ५५९.०५ | ५,५९,०५०।- | नियमानुसार |
| ०२/०८२/०८३ | साल | ६ | B | ३४.७३ | ३१,२५७।- | |
| | साल | ७५ | C | २६८.३१ | १,६०,९८६।- | |
| | खोटे सल्ला | ८० | B | ४४१.०४ | ६६,१५६।- | |
| ०३/०८२/०८३ | २०x५x५ साल दाउरा | | | १.१५ चट्टा | १३,८००।- | |
| | २०x५x५ अन्य दाउरा | | | २.७५ | ११,०००।- | |


# ऋण असुलीबाट शिव शिखरका थप २१६ जना पीडितले पाए रकम

काठमाडौँ । सरकारले समस्याग्रस्त सहकारीका थप २१६ जना साना बचतकर्ताको रकम फिर्ता गरेको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले आज शिव शिखर बहुउद्देश्यीय सहकारीका साना बचतकर्ताको बचत फिर्ता गरेको हो । समितिका अनुसार आज शिव शिखर बहुउद्देश्यीय सहकारीका थप २१६ जना बचतकर्ताले बचत फिर्ता पाएका हुन् । सरकारले समस्याग्रस्त सहकारीको ऋण असुलीबाट प्राप्त भएको रकम नै पीडित बचतकर्तालाई फिर्ता गरिएको स्पष्ट पारेको छ । समितिका अनुसार पहिलो चरणमा थोरै बचत रकम भएका बचतकर्ताहरूलाई रकम फिर्ता गरिएको हो । यसरी नै क्रमश बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर रकम फिर्ता गरिने छ । समितिका अनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ता हरूको करिब रु ४६ अर्ब बचत फिर्ता गर्नुपर्ने छ । तीमध्ये अधिकांश साना बचतकर्ता रहेका छन् । रु पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ । कूल ७६ हजारमध्ये पाँच लाखभन्दा बढी बचत गर्ने जम्मा १८ हजार रहेको समितिले जनाएको छ । समस्याग्रस्त सहकारी संस्थाहरूबाट ऋण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकमबाट सम्बन्धित सहकारीका बचतकर्तालाई बचत फिर्ता गर्ने कार्य प्रचलित कानुनी व्यवस्था बमोजिम निरन्तर रूपमा सञ्चालन भइरहेको छ ।

हालसम्म एक हजार ३१३ जना साना बचतकर्ताले बचत फिर्ता पाइसकेको समितिले जनाएको छ ।

## जनता रिसाए भन्ने चिन्ता गरौँ : सभापति थापा

गोरखा । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नेता रिसाए भनेरभन्दा पनि जनता रिसाए भनेर चिन्ता गर्न पार्टी पंक्तिलाई आग्रह गर्नुभएको छ । नेपाली कांग्रेस जिल्ला कार्यसमिति गोरखाले आयोजना गरेको स्वागत तथा भेटघाट कार्यक्रममा उहाँले केन्द्रको चिन्ता नगरी जिल्लाका जनताको चिन्ता गर्न सुझाव दिनुभयो । पार्टीको साधारण सदस्यको महत्व ठूलो भएकाले त्यसको कदर र संरक्षण गर्नु सबैको जिम्मेवारी भएको उनको तर्क थियो ।

"फलानो नेता रिसाए कि, ढिस्कानो नेता रिसाए कि भनेर चिन्ता गर्न छाड्नुस् । पार्टीको चुनाव चिह्नमा भोट हाल्ने जनता किन रिसाए भनेर चिन्ता गर्नुस्", उहाँले भन्नुभयो, "माथि, केन्द्र म मिलाउँछु । तल, जिल्ला तपाईंहरू मिलाउनुस् ।" जनता रिसाएर यसपटकको चुनावमा नतिजा बिग्रिएको भन्दै उहाँले जनता सम्हाल्न आग्रह गर्नुभयो । उहाँले २०८४ को चुनावमा उम्मेदवार माथिबाट नभइ तल्लो तहबाट छान्ने परिपाटीको विकास गर्ने बताउनुभयो । "अँध्यारो कोठामा बसेर यो हाम्रो मान्छे, त्यो फलानोको मान्छे भन्ने दिन गर्‍यो", उहाँले भन्नुभयो, "अब गोरखा नगरपालिकाको मेयरको टिकट कसलाई दिने भन्ने निर्धारण गोरखा नगरपालिकाकै पार्टीले गर्नेछ । अब तल्लो तहको पार्टी सदस्यको अभिमतलाई संस्थागत गर्न चाहन्छौँ । पार्टी सदस्यको शक्तिलाई कदर गर्न चाहन्छु ।"

## एमाले कार्यदल बैठक : सुझाव संकलन गर्ने

काठमाडौँ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले पार्टीको सङ्गठन सुदृढीकरण र भावी कार्यदिशा बनाउनका लागि देशव्यापी रूपमा सुझाव सङ्कलन गर्ने निर्णय गरेको छ ।

ललितपुर, च्यासलस्थित पार्टी मुख्यालयमा मंगलबार उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा गठित निर्वाचन समीक्षा तथा पुनःगठन कार्यदलले देशव्यापी सुझाव सङ्कलन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको एमाले प्रचार विभाग प्रमुख नीरज आचार्यले जानकारी दिनुभयो ।

उहाँले बैठकले पार्टी संरचना थप सुदृढ र प्रभावकारी बनाउन प्रदेशदेखि केन्द्र तहसम्म सुझाव सङ्कलन तथा छलफल कार्यक्रम सञ्चालन गर्ने भएको बताउनुभयो । उहाँका अनुसार राजधानीसहित आठ प्रदेश कमिटी, जनसङ्गठन, सम्पर्क समन्वय र विभाग प्रमुख तथा निकायका पदाधिकारी सँग सङ्गठन सुदृढीकरण र पार्टीको भावी कार्यदिशा बनाउन सुझाव सङ्कलन गर्न थालिएको हो । प्रदेशस्तरीय भेलामा सम्बन्धित क्षेत्रका केन्द्रीय सदस्य, प्रदेश पदाधिकारी तथा जिल्ला तहका पदाधिकारी हरूको सहभागिता रहनेछ । कार्यक्रमको समन्वय सम्बन्धित प्रदेश इन्चार्जले गर्ने निर्णय गरिएको छ । बैठकले कार्यदलको सदस्य-सचिवको जिम्मेवारी शङ्कर पोखरेललाई दिने निर्णय गरेको प्रचार विभाग प्रमुख आचार्यले जानकारी दिनुभयो । बैठकमा पार्टी अध्यक्ष ओलीसहित उपाध्यक्ष विष्णुप्रसाद पौडेल, उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ लिलगायत रहनुभएको थियो ।

## तनहुँका स्थानीय तहमा मगर भाषा पठनपाठन गरिँदै

डुम्रे । यहाँका १० वटै पालिकामा मगर भाषाको पठनपाठन गरिने भएको छ । मगर भाषा, लिपि, संस्कृति तथा पहिचानको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण तथा शिक्षक प्रशिक्षण गरिएको छ ।

नेपाल मगर सङ्घ तनहुँका अध्यक्ष हर्कबहादुर थापा मगरले जिल्लाका १० वटै पालिकाको सहभागितामा जिल्लास्तरीय प्राज्ञिक परिषद् गठन गरी मगर भाषाको स्थानीय पाठ्यक्रम तयार गरिएको बताउनुभयो । उहाँका अनुसार पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक शिक्षकलाई प्रशिक्षणसमेत प्रदान गरिसकिएकाले आगामी दिनमा पालिकासँग समन्वय गरेर विद्यालयमा पठनपाठन विस्तार गरिनेछ । अध्यक्ष मगरले भन्नुभयो, "मातृभाषा शिक्षाले समुदायको भाषा, संस्कृति, इतिहास र मौलिक पहिचान जोगाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ । स्थानीय सरकारको सहयोगमा जिल्लाभर अभियानका रूपमा कार्यक्रम सञ्चालन गर्ने तयारीमा छौँ", उहाँले भन्नुभयो । सङ्घ भाषिक उपाध्यक्ष हर्क आलेले भाषा बाँचे मात्र जातिको अस्तित्व रहने भएकाले विद्यालय तहदेखि नै यसको कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो । सङ्घका गण्डकी प्रदेश सचिव नन्द थापा मगरले मातृभाषा शिक्षाका लागि प्रदेशस्तरबाट पनि आवश्यक नीतिगत पैरवी भइरहेको बताउनुभयो ।

मगर भाषा र संस्कृतिका विज्ञ यमबहादुर आलेले भाषिक शुद्धता र मौलिक लिपिको संरक्षणमा विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

ब्यास नगरपालिका-१४ स्थित केशवटार माध्यमिक विद्यालयमा दुई वर्षअघि कक्षा १ बाट सुरु गरिएको मगर भाषाको पठनपाठन हाल कक्षा ३ सम्म विस्तार भइसकेको छ । उक्त अभ्यासलाई जिल्लाका अन्य विद्यालयमा विस्तार गर्ने लक्ष्यका साथ पाठ्यक्रम निर्माण र शिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

# वसन्त ऋतुको हिमाल आरोहण मैझारो, १ अर्ब २६ करोड राजस्व

प्रत्यूष समाचारदाता

काठमाडौँ। सन् २०२६ को वसन्त ऋतुमा विश्वको सर्वोच्च शिखर सगरमाथा सहितका विभिन्न हिमाल आरोहण गर्ने काम मैझारो (सम्पन्न) भएको छ । सगरमाथासहित विभिन्न हिमाल आरोहणका लागि यसवर्ष एक हजार १९५ स्वदेशी तथा विदेशी आरोहीले अनुमति लिएका थिए ।

पर्यटन विभागले छ हजार ५०० मिटरभन्दा बढी उचाइ भएका हिमाल आरोहणका लागि आरोहीलाई अनुमति प्रदान गर्दै आइरहेको छ। त्यसभन्दा सानो हिमाललाई भने नेपाल पर्वतारोहण सङ्घ (एनएमए) ले अनुमति दिँदै आएको छ ।

नेपालका विभिन्न हिमाल आरोहणका लागि अनुमति लिनेमा सबैभन्दा धेरै चीनका १५९, अमेरिकाका १५२, भारतका १०१, जर्मनीका ७५, बेलायतका ७४, रसियाका ७०, नेपालका ४४, क्यानडाका ४१, पोल्याण्डका ३२, फ्रान्सका २७ रहेका छन्। विभिन्न देशबाट नेपालका हिमाल आरोहणका लागि अनुमति लिनेको सङ्ख्या उल्लेख्य रहेको छ। नेपाल पर्यटन बोर्डका सूचना अधिकारी हिमाल गौतमले यो वर्षको वसन्त ऋतुमा सगरमाथासहित ३१ हिमाल चढ्नका लागि एक हजार १९५ आरोहीले अनुमति लिएको जानकारी दिनुभयो । जसमध्ये विश्वको सर्वोच्च शिखर सगरमाथामा मात्र आरोहणका लागि ४९५ आरोहीले अनुमति लिएका थिए । सगरमाथा आरोहणको अनुमति लिनेमा ५६ देशका आरोही रहेका छन् । जसमा ३९० पुरुष र १०५ महिला रहेका थिए। अनुमति लिएका आरोहीबाहेक आरोहीका सहयोगी तथा गाइड गरी झण्डै एक हजारभन्दा बढीले सगरमाथाको सफल आरोहण गरेको पर्यटन विभागले जनाएको छ । यसवर्ष सगरमाथामा सबैभन्दा धेरै १०९ जना छिमेकी मुलुक चिनका आरोही पुगेका छन् । यसबाहेक अमेरिकाका ७७, भारतका ६१, बेलायतका ३२, रसियाका १८, अष्टेलियाका १५, जापानका १४, क्यानडाका १२, नेपालका १२, आयरल्याण्डका ११ आरोही पुगेका छन् । यसवर्ष सगरमाथाको चुचुरोमा ३२औँ पटक पुगेर कामिरीता शेर्पाले विश्व कीर्तिमान कायम गर्नुभएको छ। सोलुखुम्बूका शेर्पा गत जेठ ३ गते सगरमाथा चुचुरोमा पुगेर आफ्नो रेकर्ड तोड्नु भएको हो । महिला आरोहीमा सङ्खुवासभा मकालुकी लाक्पा शेर्पा ११ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान कायम गर्नुभएको हो। उहाँले आफ्नो रेकर्ड आफैँ तोड्नुभएको हो ।

सरकारले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न दिएको अनुमतिबाट रु एक खर्ब आठ करोड १० लाख ७२५ राजस्व सङ्कलन गरेको छ। लोत्से हिमालबाट रु छ करोड ६८ लाख ७१ हजार ९९०, मकालु पहिलोबाट रु तीन करोड १७ लाख ८५ हजार ८००, आमा दब्लमबाट रु एक करोड ६६ लाख नौ हजार २००, कञ्चनजङ्गाबाट रु एक करोड ६५ लाख ४० हजार ५००, अन्नपूर्ण पहिलोबाट रु एक करोड २० लाख ४९ हजार १७५ राजस्व सङ्कलन भएको छ ।

यो वर्षको वसन्त ऋतुमा नेपालका विभिन्न हिमाल आरोहणको अनुमति दिएवापत सरकारले रु एक अर्ब २६ करोड ४७ लाख ४१ हजार ३०६ राजस्व सङ्कलन गरेको छ ।

# कामपा नगरसभाको १९ औँ अधिवेशन आगामी ३१ मा

काठमाडौँ। काठमाडौँ महानगरपालिकाले नगरसभाको १९औँ अधिवेशन जेठ ३१ गते आइतबार बिहान ११ बजेका लागि आह्वान गरेको छ ।

मंगलबार (हिजो) कामपा प्लाजास्थित सभा कक्षमा कार्यवाहक प्रमुख सुनिता डङ्गोलको अध्यक्षतामा बसेको ५०औँ कार्यपालिका बैठकले नगरसभाको बैठक मिति र समय तय गरेको बताइएको छ ।

बैठकले नेपाल भाषाको बाल-विकास तथा पूर्वप्राथमिक तहको पाठ्यक्रम स्वीकृत गरेको छ । शिक्षा तथा स्वास्थ्य समितिका संयोजक चिनीकाजी महर्जनको संयोजकत्वमा गठन भएको नेपाल भाषाको पाठ्यक्रम तथा स्थानीय पाठ्य-पुस्तकहरूमा समसामयिक संशोधन तथा परिमार्जन गरिएको हो ।

जेठ ४ गते बसेको समितिको बैठकले शिक्षा तथा स्वास्थ्य समिति संशोधन पेस गरेको थियो । शिक्षा तथा स्वास्थ्य समितिले जेठ २५ गते बैठक बसेर नेपाल भाषाको स्थानीय विषय नेपालभाषा, बालविकास तथा पूर्वप्राथमिक तहको पाठक्रम स्वीकृतको लागि कार्यपालिका समक्ष प्रस्ताव पेस गर्ने निर्णय भएको थियो ।

समितिका तर्फबाट वैठकमा प्रस्ताव पेस गर्दै शिक्षा अधिकारी नमराज ढकालले, कामपाको नेपाल भाषा, स्थानीय विषय, नेपाल भाषाको बालविकास तथा पूर्वप्राथमिक तहको पाठक्रम स्वीकृत गर्न पेस गरिएको बताउनुभयो ।

बैठकमा सामाजिक समितिका संयोजक रामकुमार केसी, सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान सङ्गत, विधायन समितिका संयोजक मचाराजा महर्जनले र वडा नं. ६ का अध्यक्ष भुवन लामाले सुकुमवासी तथा स्ववासी व्यवस्थापनका विषयमा आआफ्ना वडाको समस्यालाई प्रतिनिधि घटनाका रूपमा बिम्वित गर्दै सहजीकरण समिति गठन गर्ने, स्ववासीलाई सुकुमवासीको व्यवहार गरिएकाले यसलाई सच्याउनुपर्ने, स्ववासी भएर सम्पत्ति नभएका व्यक्ति तथा परिवारको विवरण सङ्कलन गर्नुपर्ने धारणा राख्नुभयो ।

सम्पदा तथा पर्यटन समितिका संयोजक सङ्गतले, पशुपति क्षेत्र विकास कोषको गुरुयोजना कार्यान्वयनलाई सहयोग गर्ने परिवार सरकारबाटै पीडित भएकोले यसलाई सच्याउन नेपाल सरकारसँग माग गर्नुभयो ।

सुकुमवासीको व्यवस्थापनका विषयमा र यसअघिका समस्या समाधानका विषयमा नेपाल सरकार र कामपा संयुक्त टोलीले अध्ययनको काम गरिरहेको जनाउँदै प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले, टोलीलाई दिइएको १५ दिनको अवधिपछि प्राप्त हुने प्रतिवेदनले धेरै समस्याको समाधानको बाटो दिने अपेक्षा गर्नुभयो ।

# योग्य, सक्षम इमान्दारी नेतृत्व आवश्यक छः महामन्त्री बुर्लाकोटी

मकवानपुर। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का महामन्त्री कविन्द्र बुर्लाकोटीले पार्टीमा योग्य, इमान्दार र सक्षम युवा नेतृत्वलाई पाँच वर्ष निर्भिक भएर काम गर्ने अवसर प्रदान गर्नुपर्ने बताउनुभएको छ ।

महामन्त्री बुर्लाकोटीले रास्वपा बागमती प्रदेशको प्रथम अधिवेशनको मंगलबार हेटौँडामा उद्घाटन गर्नुहुँदै राजनीतिक नेतृत्वमा सक्षम व्यक्ति हुनुहुन्छ भन्ने पार्टीमा कुनै समस्या उत्पन्न नहुने स्पष्ट पार्नुभयो ।

उहाँले मुलुकमा बढ्दो कुशासन, भ्रष्ट्राचारजन्य अपराधलाई कानुनी एवं राजनीति भूमिकाको नेतृत्वबाट नियन्त्रित गर्न सबै नेतृत्व तहमा पार्टीमा आज इमान्दारीको खाँचो परेको छ भन्नुभयो । महामन्त्री बुर्लाकोटीले विसं २०८४ हुने प्रदेशस्तर र स्थानीय निकाय निर्वाचनमा पार्टीको युवापुस्ताले निर्वाचनमा सहभागी हुन, जनप्रतिनिधिमा निर्वाचित हुनको लागि जनताको बीचमा पुग्ने भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले पार्टीमा स्थापना कालदेखि सक्रिय रहँदै आएको भए पनि नेता र कार्यकर्ताको बीच नेतृत्व तहको क्षमतामा सक्षम र इमान्दारी नरहे रास्वपाले जिम्मेवारी नदिनेतर्फ जानकारी दिनुभयो ।

प्रतिनिधिसभाका सदस्यहरू खगेन्द्र सुनार, समीक्षा बाँस्कोटा र गणेश पराजुलीले मुलुकमा सुशासनको दीर्घकालीन लक्ष्य प्राप्ति गर्ने र जनतालाई विकास र आर्थिक समृद्धितर्फ आत्मनिर्भर बनाउन पार्टीले नवयुवाको योग्यता क्षमतालाई निर्वाचनको माध्यमबाट अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । दुई दिनसम्म चल्ने प्रदेश अधिवेशनमा बागमती प्रदेशका १३ जिल्लामध्ये सिन्धुपाल्चोक जिल्लाको बाहेक १२ जिल्लाका करिब एक हजार प्रतिनिधि र प्रवेक्षकहरुको सहभागिता रहेको रास्वपा मकवानपुरका अध्यक्ष सञ्जय पाठकले संचारकर्मीहरुलाई बताउनुभयो ।

# नवनियुक्त गृहमन्त्री गुरुङद्वारा पदभार ग्रहण

काठमाडौँ। नवनियुक्त गृहमन्त्री सुधन गुरुङले पदभार ग्रहण गर्नुभएको छ ।

मंगलबार सिंहदरस्थित मन्त्रालयमा पदभार ग्रहण गर्दै उहाँले भन्नुभयो, "अबदेखि कुनै पनि नेपाली नागरिकको अपमान गर्न, चरित्र हत्या गर्न कसैले प्रयास गरेको खण्डमा गृह मन्त्रालय यसमा संवेदनशील भएर लाग्ने छु, मन्त्रालय गम्भीर भएर लाग्ने छ ।"

मन्त्री गुरुङले जेनजी आन्दोलनसँग सम्बन्धित घटनामा फौजदारी अभियोग भएका मुद्दा फिर्ता गर्न सकिने/नसकिने सम्बन्धमा छानबिन गरी सिफारिससहितको प्रतिवेदन पेस गर्न विशेष कार्यदल गठन गर्ने निर्णय गर्नुभएको छ । त्यस्तै उहाँले विसं २०५८ जेठ १९ गते भएको नारायणहिटी राजदरबार हत्या काण्डका सम्बन्धमा यसअघि भएका अनुसन्धान प्रतिवेदन अध्ययन गरी थप छानबिन प्रक्रिया अगाडि बढाउने निर्णय गर्नुभएको छ ।

गृह मन्त्रालय र सुरक्षा निकायबाट संवेदनशील सूचना चुहावटको घटना हुन नदिन सुष्म निगरानी गरी कारबाही गरी सुरक्षा निकायमा सेन्सेटिभ इन्फरमेसन भिजेलिन्स टिम (एसआइभीटी) गठन गर्ने उहाँले बताउनुभयो । उहाँले नेपाल प्रहरीअन्तर्गत रहेको केन्द्रीय अनुसन्धान ब्यूरोलाई थप सशक्त र प्रभावकारी बनाउने र हाल प्रक्रियामा रहेका अनुसन्धानका फाइललाई शीघ्र टुङ्गामा पुर्याउन निर्देशन दिने, ब्यूरोमा रहेका जघन्य आर्थिक, सङ्गठित अपराधलगायत गम्भीर प्रकृतिका मुद्दा अनुसन्धान गर्न ब्यूरोमा मुद्दाको प्रकृति अनुरूप विशिष्टिकृत समूह गठन गर्ने निर्णय गर्नुभएको छ ।

# तिलागुफालाई पूर्णखोप सुनिश्चित घोषणा

कालीकोट । जिल्लाको तिलागुफा नगरपालिलाई पूर्णखोप सुनिश्चित घोषणा गरिएको छ । जन्मेदेखि पाँच वर्षमुनिका सबै बालबालिकाले १३ वटा खोप पाएपछि तिलागुफालाई जिल्लाको पाँचौँ पूर्णखोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको हो। जन्मेदेखि १५ महिनाभित्रका बालबालिकालाई विभिन्न रोगबाट बचाउन १३ प्रकारका खोप लगाइसक्नुपर्ने प्रावधान रहेको र कुनै कारणले खोप लगाउन छुटेका १६ देखि ५९ महिनासम्मका बालबालिकालाई स्थानीय तहका स्वास्थ्य शाखामार्फत खोजी गरेर सबै खोपको मात्र पूरा गरेपछि पूर्णखोप सुनिश्चित घोषणा गर्ने प्रावधान रहेको स्वास्थ्य सेवा कार्यालयका प्रमुख तथा जिल्ला खोप समन्वय समिति सदस्यसचिव डा रत्नवीर सुनारले बताउनुभयो । सोही अवसरमा "नगरपालिकाका सबै बाल-बालिकालाई खोप पुर्याउन स्थानीय तहका खोप केन्द्रले काम गरेका छन्", उहाँले भन्नुभयो, "पूर्णखोपका लागि स्वास्थ्यकर्मीको सक्रियता, जनप्रतिनिधि को अगुवाइ महत्वपूर्ण छ ।"

तिलागुफाका ११ वटै वडामा खोप अभियान सञ्चालन गरेर सबै बालबालिकाले खोप पाएको एकिन भएपछि पूर्णखोप सुनिश्चित घोषणा गरिएको नगरप्रमुख शङ्करप्रसाद उपाध्यायले जानकारी दिनुभयो। नगरपालिकाका विकट बस्तीमा पनि स्वास्थ्यकर्मी खटाएर सबै बालबालिकालाई खोपको पहुँचमा ल्याएका छौं,' उहाँले भन्नुभयो, "जिल्ला बाहिर गएकालाई पनि घरपरिवारमार्फत सूचना गरेर खोप पाएको सुनिश्चितता गरेका हौं ।" गत माघ, फागुन र चैतमा जिल्लाभर खोज र खोप अभियान सुरुआत गरेको स्वास्थ्य सेवा कार्यालयले जिल्ला खोप समन्वय समितिको अनुगमनका आधारमा सबै बालबालिकाले खोप पाएको एकिन गरेपछि यहाँका स्थानीय तहलाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गरिएको हो ।


## नीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश नेपाल

### निष्कृय (संञ्चालनमा नरहेका) सहकारी संस्था खारेजी सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशन मिति : २०८३/०२/२६)

नीलकण्ठ नगरपालिका सहकारी ऐन, २०७४ को दफा ६६ को उपदफा (३) (क) अनुसार लगातार दुई वर्षसम्म कुनै पनि कारोबार नगरी निष्कृय रहेको संस्थाको दर्ता खारेजी गर्न सक्ने कानूनी प्रावधान रहेकोमा देहायका संस्थाहरुको विगत दुई वर्ष वा सो भन्दा बढी समय देखि संस्था सञ्चालनमा रहेको कुनै प्रमाणहरु प्राप्त नभएको, संस्थाले यस कार्यालयमा बुझाउनुपर्ने कुनै पनि कागजात एवं प्रमाणहरु पेश गरेको नपाइएको तथा अनुगमनका क्रममा संस्था संचालनमा समेत नदेखिएको हुँदा नीलकण्ठ नगरपालिकाको सहकारी ऐन बमोजिम निष्कृय सहकारी संस्थाको सूचीमा समावेश गरी दर्ता खारेज गर्नुपर्ने देखिएको छ । यस सम्बन्धमा संस्थाको दायित्व बाँकी रहेनरहेको, कोही कसैको भुक्तानी बाँकी रहेनरहेको समेत जानकारी उपलब्ध गराईदिनुहुन सम्बन्धित सबै सरोकारवालाहरुमा अनुरोध गरिन्छ । साथै उक्त संस्था खारेज नगर्नु पर्ने कुनै कारण भएमा सो को स्पष्ट कारण सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित संस्थाले कार्यालयमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। अन्यथा कानून बमोजिम खारेजीको प्रक्रियामा लगिने व्यहोरा समेत सबैमा जानकारी लागि अनुरोध छ ।

तपशिल

| क्र.स. | नाम | दर्ता नं | ठेगाना |
|---|---|---|---|
| १. | हातेमालो बहुउदेश्यीय सहकारी संस्था लि. | १०/२०७९/८० | नीलकण्ठ-५,धादिङ |
| २. | शंखादेवी वचत तथा ऋण सहकारी संस्था लि. | २४२/०५८/०५९ | नीलकण्ठ-५,धादिङ |

प्रमुख प्रशासकीय अधिकृत


प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com